# हिमाली तथा पहाडी संरक्षित क्षेत्रभित्र साहसिक पर्यटकीय सेवाहरु संचालन गर्ने सम्बन्धी कार्यविधि, २०६७

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
सिंहदरवार,काठमाडौं
२०६७

१. **पृष्ठभूमि :**

प्राकृतिक सम्पदाहरुले धनि राष्ट्र नेपालमा स्वदेशी तथा विदेशी पर्यटकहरु नेपालको विभिन्न हिमली तथा पहाडी संरक्षित क्षेत्रहरुमा भमण गर्ने गरेको यथार्थ तथ्यलाई मध्यनजर गर्दै विद्यमान ऐनमा भएको प्रावधान अनुरुप साहसिक पर्यटन प्रवर्धनका क्रियाकलपाहरु संचालनमा आईरहेको छ । संरक्षित क्षेत्रभित्र वातावरण अनुकूल पर्यटन गतिविधि संचालन गर्न र त्यस्ता क्रियाकलापहरु व्यवस्थापन र नियमन गर्न हिमाली तथा पहाडी संरक्षित क्षेत्र भित्र साहसिक पर्यटकीय सेवहरु संचालन गर्ने सम्बन्धी कार्यविधि, २०६७ जारी गरिएको छ । यो कार्यविधि निर्माण तथा कार्यान्वयनको लागि निम्न ऐन नियमहरु आकर्षित हुने छन् :

क. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २ को (क), (घ), (ङ१) तथा दफा ६ (१) र ६(२) ।

ख. वातावरण संरक्षण ऐन, २०५३ को दफा (३) ।

ग. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३(१) र ३(२) ।

घ. हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६ को नियम (३०) ।

ङ. मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम (३३) ।

च. संरक्षण क्षेत्र व्यवस्थापन नियमवली, २०५३ को नियम (२२) ।

छ. वातावरण संरक्षण नियमावली, २०५४ को नियम (३) संग सम्बन्धित अनुसूची २ को (३) ।

ज. संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ को नियम (३४) ।

२. **परिभाषा :**

१. साहसिक पर्यटकीय गतिविधि भन्नाले स्काई डाईभिङ (Sky diving), हट एयर बेलुनिङ्ग (Hot Air Booling), माइक्रोलाइट फ्लाइट, (Microlight Flight), प्यारामोटरिङ्ग (Para Motoring) स्किइङ्ग (Sking), प्याराग्लाईडिङ्ग, (Paragliding) बञ्जीजम्पिङ्ग (Bungy Jumping), माउण्टेन वाइकिङ्ग (Mountain Biking), फुटवल/भलिबल लगायतका खेलहरु, र्याफटिङ्ग (Rafting)/क्यानोईङ्ग (Canoeing) लाई जनाउने छ ।

२. हिमाली तथा पहाडी क्षेत्रका संरक्षित क्षेत्र भन्नाले सो क्षेत्रमा रहेको राष्ट्रिय निकुञ्ज (National Parks), शिकार आरक्ष (Hunting Reserve) र संरक्षण क्षेत्र (Conservation Area) लाई जनाउने छ ।

३. **कार्यविधिको आवश्यकता :**

क. हिमाली तथा पहाडी क्षेत्रहरुमा रहेका राष्ट्रिय निकुञ्ज तथा शिकार आरक्ष र तिनका मध्यवर्ती क्षेत्र एवं संरक्षण क्षेत्रहरुमा विद्यमान ऐन नियममा भएका प्रावधान अनुरुप वातावरण मैत्री रुपमा विविध साहसिक पर्यापर्यटकीय सुविधाहरुको संचालन, व्यवस्थापन तथा प्रवर्द्धन एवं नियमन गर्न कानून सरलीकृत गर्ने ।

ख. संरक्षित क्षेत्र र तिनको मध्यवर्ती क्षेत्रमा माथि उल्लेख भए अनुसारका पर्या-पर्यटन सम्बन्धी गतिविधि संचालन गरी पर्यटन विकास, स्थानीय स्तरमा रोजगारी सृजना गरी गरिवी निवारणमा टेवा पुऱ्याउने ।

४. **कार्यविधिको उद्देश्य :**

क. जैविक विविधता र प्राकृतिक वातावरणमा प्रतिकूल प्रभाव पर्न नदिने गरी हिमाली तथा पहाडी क्षेत्रमा पर्ने राष्ट्रिय निकुञ्ज, शिकार आरक्ष तथा तिनको मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्रहरुमा निजी तथा सरकारी साझेदारीको माध्यमबाट पर्यटकीय र पर्यावरणीय सन्तुलन कायम राखी वातावरण मैत्री साहसिक पर्यटकीय गतिविधिहरु संचालन तथा व्यवस्थापनगरी अर्थतन्त्रमा टेवा पुऱ्याउने ।

ख. साहसिक पर्यटकीय गतिविधिहरुमा एकरुपता कायम गर्ने।

५. **कार्यविधिहरु :**

साहसिक पर्यटकीय व्यवसाय संचालन गर्न चाहने व्यक्ति वा संस्थाले नेपाल सरकारको सम्बन्धित निकायबाट अनुमति प्राप्त गर्नुपर्नेछ । हिमाली तथा पहाडी संरक्षित क्षेत्रभित्र साहसिक पर्यटकीय सेवाहरु संचालनको लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सहमति प्राप्त गर्नु पर्नेछ । सो व्यक्तिवा संस्थाले साहसिक पर्यटकीय सेवाहरु संचालन गर्दा अनुसूची-१ अनुसारको शुल्क राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको सम्बन्धित निकायमा अनिवार्य रुपमा तिर्नु/वुझाउनु पर्नेछ । साहसिक पर्यटकीय गतिविधि संचालन गर्दा निम्नानुसारको शर्तहरु पालना गर्नु पर्नेछ :

(क) साहसिक पर्यटकीय गतिविधि संचालन गर्दा प्रत्येक सिजनमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको पूर्व स्वीकृति लिइ विभागले तोकेको समयावधि भित्र सम्पन्न गरी सक्नु पर्नेछ।

(ख) साहसिक पर्यटकीय गतिविधि संचालन गर्दा नेपाल सरकार, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प्रतिनिधिको प्रत्यक्ष रोहवसरमा कार्यक्रम संचालन गर्नु पर्नेछ । पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प्रतिनिधिले साहसिक पर्यटकीय गतिविधिको प्रतिवेदन सम्बन्धित हिमाली तथा पहाडी संरक्षित क्षेत्रमा अनिवार्य रुपमा वुझाउनु पर्नेछ ।

(ग) कार्यलयले तोकेको स्थानमा अनुमति लिएर मात्र कार्यक्रम संचालन गर्नु पर्नेछ ।

(घ) आयोजकले उल्लेखित गतिविधि एवं व्यवसाय संचालन गर्दा नियमानुसार लाग्ने शुल्क अनिवार्य रुपमा तिर्नु/वुझाउनु पर्नेछ ।

(ङ) उल्लेखित गतिविधि संचालनको क्रममा हुनसक्ने मानवीय जीउधन, वस्ती तथा वनस्पति र वन्यजन्तु एवं भौतिक पूर्वाधारहरुको विमा अनिवार्य रुपमा संचालकले गर्नु पर्नेछ ।

(च) उल्लेखित गतिविधि संचालन गर्दा अपनाउनु पर्ने आर्थिक, प्राविधिक एवं कानूनी पक्षहरु नेपाल सरकारको प्रचलित एन, कानून अनुसार सम्बन्धित निकायबाट निकासा भए वमोजिम हुनेछ ।

(छ) उल्लेखित गतिविधिका सहभागी हुने प्रत्येक विदेशी नागरिकलाई नियमानुसार लाग्ने प्रवेश शुल्क लिएर मात्र अनुमति दिनु पर्नेछ ।

(ज) उल्लेखित गतिविधिको छाँयाकन गर्न भएमा सक्पूर्ण प्रक्रिया पूरा गरी नियमानुसार लाग्ने छाँयाकन शुल्क लिएर मात्र छाँयाकन अनुमति दिनु पर्नेछ ।

(झ) उल्लेखित गतिविधि संचालन गर्दा जम्मा भएको फोहोरमैलालाई आयोजकले नै संरक्षित क्षेत्र वाहरि लगी व्यवस्थापन गर्नु पर्नेछ ।

(ञ) आयोजकले गतिविधि संचालन गर्दा सम्वेदनशील क्षेत्र, अन्तर्राष्ट्रिय सिमाना, निषेधित क्षेत्रको उल्लंघन नहुने गरी गर्नु पर्नेछ ।

(ट) आयोकजले गतिविधि संचालन गर्दा मौसमी अनुकूलतालाई समेत मध्यनजर गरी गर्नु पर्नेछ ।

(ठ) यस कार्यविधिमा उल्लेख भएका कुराहरु यसै कार्यविधि वमोजिम र यसले नसमेटिएका अन्य कुराहरुको हकमा प्रचलित नेपाल कानून वमोजिम हुनेछ ।

६. **विवाद निरुपण :**

यो कार्यविधि कार्यान्वयन गर्दा पर्न आउने विवादको निरुपण राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागले गर्नेछ र सो उपर चित्त नवुझेमा वन तथा भू-संरक्षण मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

## अनुसूची-१

### हिमाली तथा पहाडी संरक्षित क्षेत्र भित्र साहसिक पर्यटकीयगतिविधिहरु संचालन गर्दा लाग्ने शुल्क

| क्र.सं. | गतिविधि | इकाई | शुल्क | | |
|---|---|---|---|---|---|
| | | | नेपाली नागरिक | सार्क मुलुक नागरिक | अन्य विदेशी नागरिक |
| १. | स्काई डाइभिङ्ग (Sky Diving) | हट एयर वेलुनिङ्ग (ज्यत बच्च द्यययष्लिन), | रु. ५००।- | रु. २,०००।- | यु.एस.डलर १००।- बराबर नेपाली रुपैया |
| २. | हट एयर बेलुनिङ्ग (Hot Air Booling) | प्रति व्यक्ति | रु. ५००।- | रु. २,०००।- | यु.एस.डलर १००।- बराबर नेपाली रुपैंया |
| ३. | माइक्रोलाइट फ्लाइट (Microlight Flight) | प्रति व्यक्ति | रु. ५००।- | रु. २,०००।- | यु.एस.डलर १००।- बराबर नेपाली रुपैंया |
| ४. | प्याराग्लाईडिङ्ग (Paragliding) | प्रति व्यक्ति | रु. २५०।- | रु. १,०००।- | यु.एस.डलर ५०।- बराबर नेपाली रुपैंया |
| ५. | प्यारामोटरिङ्ग (Para motoring) | प्रति व्यक्ति | रु. २५०।- | रु. १,०००।- | यु.एस.डलर ५०।- बराबर नेपाली रुपैंया |
| ६. | स्किइङ्ग (Sking) | प्रति व्यक्ति | रु. २००।- | रु. १,०००।- | यु.एस.डलर ५०।- बराबर नेपाली रुपैंया |
| ७. | र्‍याफटिङ्ग (rafting)/ क्यानोईङ्ग (Canoeing) | प्रति व्यक्ति | रु. ५००।- | रु. २,०००।- | यु.एस.डलर १००।- बराबर नेपाली रुपैंया |
| ८. | वञ्जीजम्पिङ्ग (Bungy Jumping) | प्रति व्यक्ति | रु. १००।- | रु. २००।- | यु.एस.डलर ७।- बराबर नेपाली रुपैंया |
| ९. | माउण्टेन वाइकिङ्ग (Mountain Biking) | प्रति व्यक्ति | निःशुल्क | रु. २००।- | यु.एस.डलर ७।- बराबर नेपाली रुपैंया |
| १०. | फुटवल/भलिवल, लगायत अन्य खेलहरु | प्रति व्यक्ति अनुमति अवधिभर | निःशुक | रु. २००।- | यु.एस.डलर ७।- बराबर नेपाली रुपैंया |

पुनश्चः यस वाहेक नयाँ प्रविधिद्वारा विकसित साहसिक क्रियाकलाप तथा खेलकूदको हकमा यस अनुसूचीमा उल्लेखित समान प्रकृतिका क्रियाकलापमा लाग्ने उच्चतम शुल्क लगाइने छ। यस्ता साहसिक क्रियाकलापहरु राष्ट्रिय वन क्षेत्रमा संचालन हुने भएमा यो कार्यविधि अनुसार नै सम्बन्धित निकायले व्यवस्थापन र नियमन गर्नेछ।